## (डेंगु रोग नियन्त्रणका लागि अन्तरंग विषादी छिडकाउ कार्यविधि)

## (SOP for Targeted Indoor Residual Insecticidal Sprayig for Dengue control)

**परिचय** : डेंगु रोग एडिज एजिप्टाई जातको संक्रमित लामखुटेको टोकाईबाट लाग्दछ । यो लामखुट्टे घरभित्र र वाहिर दुवै ठाउमा वस्दछ र उज्यालोमा टोक्ने गर्दछ । डेगु रोग नियन्त्रण विभिन्न उपायहरु मध्ये लामखुट्टेको वासस्थान खोजी गरि लार्भा नष्ट गर्नु प्रमुख मानिन्छ । वयस्क लामखुटे ३० दिन वाच्ने र घर घरमा रोग सारि रहने भएकोले वयस्कको धनत्व लाई पनि छिटो भन्दा छिटो नियन्त्रण गर्नु पर्ने हुन्छ । वयस्क लामखुट्टे घर भित्र छिरेपछि प्राय टेवलको तल, पर्दा पछाडी, दराजको पछाडी, पलङ्गको कुनामा, अध्यारो ठाउँहरुमा लुकेर वस्ने र मानिसलाई टोकी रोग सारी रहने हुदा यसलाई विनास गर्नका लागि डेंगु रोग देखिएको घरलाई केन्द्रविन्दु मानेर त्यसको १०० मिटर वरिपरिको घरमा लक्षित अन्तरंग अवशिष्ट छिड्काउ (TIRS) Targeted Indoor Residual Spraying) गर्न सकिन्छ यस्ता ठाउँहरुमा कीटनाशक विषादी छिड्काउ गर्दा लामखुट्टे विषादीको सम्र्पकमा आउछन र यिनीहरुको आयु छोटिने र विनास भई रोग नियन्त्रणमा सघाउ पुग्दछ ।

TIRS बिधि सहरी तथा अर्ध सहरी क्षेत्रमा संक्रमण प्रसारण रोक्ने प्रभावकारी र सञ्चालन गर्न सजिलो रहेको बिधि हो । यो बिधिले लामखुट्टेको आयुलाई घटाउने साथै लामो समय सम्म पार्ने गर्दछ । त्यसैले TIRS बिधि एजिप्ट लामखुट्टे नियन्त्रणमा प्रभावकारी मानिन्छ ।

**उद्देश्य** : वयस्क लामखुट्टेको आयु छोटिने र विनास भई डेगु रोगको प्रसारणलाई रोक्नु ।

**अपेक्षित प्रतिफल** : रोग नियन्त्रणमा सफलता हासिल गर्ने ।

**बिषादी छिड्काउ कार्यक्रम संचालन मार्ग निर्देशन :**

क) तीन वा चार टिमको एक समुह हुनेछ (एक टिममा एक जना फोरम्यान, चार जना स्प्रेम्यान रहनेछन् ) प्रत्येक समुहमा एक जना बिषादी बितरक रहनेछ । एक टिमले एक दिनमा ४० घरमा विषादी छिड्काउ गरि सुरक्षित गर्नु पर्ने छ ।

ख) स्प्रेईङ्गका लागि आबश्यक पम्प तथा अन्य सरसामान स्प्रे मिति भन्दा अगावै जिल्ला तथा स्थानिय तहहरूले व्यवस्थापन गरी तयारी गर्नुपर्नेछ ।

ग) स्प्रेम्यान भर्ना गर्दा सकेसम्म स्थानीय र अनुभबीलाई प्राथमिकता दिनुपर्नेछ ।

घ) स्प्रे कार्यक्रम संचालन गर्नु पूर्व स्प्रेमेन, फोरमेन तथा बिषादी बितरकलाई तालिम दिनु पर्नेछ ।

ङ) स्थानीय तहको पालिका वा वार्डले योजना वनाई वडा अनुसारको रोगी संख्या, मजदुरलाई बितरण गरिने ज्याला दररेट, बिषादीको मौज्दात Expiry date, पम्पको संख्या आदी राम्रो संग लेख्नु पर्दछ .

छ) प्रत्येक दिनमा कती घर सुरक्षित गरेको लगत राखि प्रतिवेदन वनाउनु पर्दछ ।

ज) स्प्रे कार्यक्रममा खर्च भएको कीट्नाशक बिषादिको खाली खोल मुचुल्का उठाई प्रतिनिधि (स्थानीय व्यवस्थापन समितिका अध्यक्ष, सदस्य, सम्बन्धित स्थानीय स्वास्थ्य संस्थाका प्रमुख तथा अन्य कर्मचारी र स्वास्थ्य कार्यालयका प्रतिनिधिहरुको रोहबरमा जलाउनु पर्नेछ र सोको माइन्युटिङ्ग समेत अद्यावधिक गरी राख्नुपर्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

Scanned with CamScanner

**कीटनाशक विषादि छिड्काउका लागि घोल बनाउने तरिकाः**

छिड्काउका लागि प्रयोग हुने किटनाशक विषादि **अल्फा साइपरमेथ्रिन** (१० प्रतिशत WP) हो । एक पम्पमा (८ लिटर पानीमा) १०० ग्रामको एक पोका मिसाउनु पर्दछ जसले २०० वर्ग मिटरलाई कभर गर्नेछ ।

**विषादी छिड्काउ गर्ने ठाउँहरु**

- डेंगु रोग देखिएको घरलाई केन्द्रविन्दु मानेर त्यसको १०० मिटर वरिपरिको घरमा लक्षित अन्तरंग अवशिष्ट छिड्काउ (Targeted IRS) गर्न सकिन्छ
- टेवलको तल, पर्दा पछाडी, दराजको पछाडी, पलङ्गको कुनामा, अध्यारो क्षेत्रमा
- करीव पाँच/ छ फिट माथी सम्म

**स्प्रे पम्प** ः

- पम्प १० लीटरको हुन्छ जस्मा ८ लिटर पानी लिने र १०० ग्रापको एक पोका विषादी राखि पहिलो पटक ५५ चोटी पम्प दिने र स्प्रे गरेको १५ मिनेट पछि ५८ चोटी पम्प दिने त्यस पछि स्प्रे गर्दा गर्दै विषादीको घोल सकिन्छ ।

**स्प्रे पटक** ः

- डेंगु रोग नियन्त्रणका लागि एक पटक मात्र गर्ने ।

**स्टेन्सिल कोर्न**

- विषादी छिड्काउ गरि सकेपछि घरको भित्तामा सवैले देख्ने गरि घर नम्वर मिति लेखि चिन्ह लगाउने

**सुरक्षाका उपायहरु**

**क) स्प्रे गरिने घरको लागि**

- स्प्रे गर्नु भन्दा अघि खाद्यान्न, लत्ताकपडा, पाल्तु जनावरलाई वाहिर राख्ने
- स्प्रे गर्दा सवै मानिसहरु वाहिर वस्ने र स्प्रे गरेको करिव ६० मिनेट पछि मात्र भित्र जाने
- मानिस विरामी छन वाहिर आउन सक्दैनन भने स्प्रे नगर्ने
- स्प्रे गरे पछि घर भुइ सफा गर्ने
- स्प्रे गरेको ठाउमा हातले नछुने

**ख) स्प्रे गर्ने व्यक्तिको लागि**

- पुरा वाउला भएको लुगा लगाउने
- मास्क, चस्मा, गाउन लगाउने
- स्प्रे गर्ने वेला केहि नखाने
- स्प्रे सकेपछि तुरुन्तै हात र मुख धुने
- लगाएको लुगा दिनहुँ धुने

**अनुगमन तथा सुपरभिजन**

- स्प्रे कार्य मापदण्ड वमोजिम सम्पन्न गर्न अनुगमन तथा सुपरभिजन गर्न अत्यन्त आवश्यक हुन्छ । त्यसैले सो कार्यलाई मध्येनजर गरि स्वास्थ्य कार्यालय, स्वास्थ्य सेवा विभागबाट चेकलिष्ट प्रयोग गरि निरिक्षण गर्नु पर्छ ।

**अभिलेख प्रतिवेदन :** स्प्रे कार्यको नियमित अभिलेख प्रतिवेदन राख्नु पर्छ । (कति घर वा जनसंख्यालाई सुरक्षित गरियो साथै विषादी खर्चको अवस्था)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय